# बैरागी काइँलाको जीवनका आयामहरू



"घरको काइँला, स्कुलमा पो थाहा पाएँ म त तिलविक्रम नेम्वाङ पो रहेछु !" प्राज्ञ वैरागी काइँलाले आफ्नो फ्ल्यासब्याक पस्कन थाले पंक्तिकारसँगको भेटमा । अगाडि थपे, 'त्यो २००५ साल कात्तिकको कुरा हो ।'

दशैं विदामा आएका आफ्नो दाजुहरूसँग पढ्न जाने काइँलालाई रोक्न उनको बुवाले नुनको भारी बोकाएर गोठ पठाएका थिए । काइँला पनि कति इमान्दार रहेछन्, उनले आफ्नो कर्तब्य पूरा गरे नुन गोठमा पुऱ्याएर । तर काइँला घर फर्केनन् । गोठमा जा भनेर पठाइएका काँइला त दाइहरूको बाटो कुरेर पो बसे । उतिखेरको महाभारा डाँडा, अहिलेको राँकेमा । त्यसपछि पुगे इलामको पद्मोदय हाइस्कुलको कक्षा २ को विद्यार्थी बन्न । घरमा नै पण्डितहरूबाट साँवाअक्षर छिचोलेका काइँलालाई स्कुलले अर्धवार्षिक परीक्षापछि नै भए पनि भर्ना गरेको थियो । कक्षा २ को सुरुदिनमा स्कुलका कान्छा गुरूजी श्रीकृष्ण शर्माले सबैको हाजिर लिन थाले । 'तिलविक्रम नेम्बाङ' भनेर तीनपटक कराउँदा पनि कोही बोलेनन् । त्यसपछि ती गुरूले आजदेखि आएको नयाँ विद्यार्थी को हो ? भनि सोध्दा सबैले उनलाई देखाएका थिए । प्राज्ञ काइँलाले भने, 'मलाई त मेरै नाम पनि पो थाहा थिएन । मैले मेरो नाम थाहा पाएको त्यो क्षण अझै पनि ताजै छ ।'

वि. सं. १९९६ सालको साउन २५ गते तदअनुसार अंग्रेजी सम्वत अनुसार १९३९, अगस्ट ९ मा पान्थरको पौवा सारतापमा जन्मिएका काइँला डबल सुब्बा खडगबहादुरका आठभाइ छोरामध्येका चौथा हुन् । २००५ सालबाट औपचारिक शिक्षा आरम्भ भयो । कक्षाका खुट्किलाहरू चढ्दै उनी इलाममा सात कक्षासम्म पढे । त्यसपछिको पढाइ सिमापारको दार्जिलिङमा गरे । त्यहाँ गभर्मेन्ट हाई स्कुलमा कक्षा आठमा भर्ना भए । बसाई थियो कल माइकल होस्टलमा । सन् १९५६/१९५७मा यताको एसएलसी परिक्षाजस्तै उतातिरको म्याट्रिक क्लियरेन्स भर्खरै बद्लिएर 'वोर्ड अफ हाइयर सेकेन्डरी एजुकेशन' भएको थियो । उनले त्यो फलामे किल्ला नाघे । सन्, १९५७ मा गभर्मेन्ट कलेजमा भर्ना भए । दार्जिलिङ्को कलकता यूनिभरसिटीको गभरन्मेन्ट कलेजबाट आईएस्सी सन् १९६०मा 'रेगुलर' उत्तिर्ण गरी 'वी ए'मा भर्ना गरे । वीए पढाईको नराम्रो सम्झना छ । पहिलो वर्षको परिक्षाको तयारीक्रममा उनलाई 'थाङ्ने ज्वरो' ज्वरो आयो । त्यो थाङ्ने ज्वरो क्षयरोग थियो । त्यसलाई उसबेला थाङ्ने ज्वरो भनिन्थ्यो । त्यहीँ ज्वरोले थला पारेपछि पढाई राम्रो हुन पाएन । उनको शरीरबाट रोगले भाग्ने लक्षण देखाएन, दोस्रो वर्ष पनि रोगले हिर्काउन थाल्यो । 'यो १९६३ को कुरा हो । त्यसपछि स्वास्थ्यकै कारण एजप्सन हुने काम गर्न हुँदैन भनेर मैले पढाई रोकेँ', उनले सम्झिए उसबेलाको कुरा ।

### साहित्यिक यात्राको थालनी

काँइला आयामेली कवि हुन् । तेस्रो आयामका आयामेली तीन हस्तीमा ईश्वर वल्लभ एक दिन भन्दै थिए, 'राई लिम्बूको मुन्धुम नै मेलोडियस हुन्छ र कविता आफैं जन्मन्छ ।' सायद त्यसैको प्रभाव हुनु पर्छ । प्राज्ञ काइँलामा पनि साहित्यिक

लेखन सहज बन्दै गएको थियो ।

काइँला भन्छन्, 'आफ्नो बुवा, गुरूबाबुहरूबाट नै साहित्यिक क्षेत्रमा जाने प्रेरणा मिल्यो ।' उहाँलाई इलाम पढ्दादेखिनै पत्रपत्रिकामा लेख रचना प्रकाशित गर्ने रहर जागेको थियो । त्यसले दार्जिलिङ्मा मूर्तरूप लियो । २०११ सालतिरको कुरा हो, त्यहाँ होस्टेलको साथीहरूसँग मिलेर हस्तलिखित आँसु भित्ते पत्रिका निकाल्न थाले । पत्रिका दार्जिलिङ बजारको चौकको कुनै भित्तामा टाँसिन्थ्यो । त्यतिखेरको जोसजाँगर सम्झँदै उनले भने, 'सबै सक्रिय भएर जानी नजानी, कनिकुथी लेख्ने गर्थ्यौं । त्यसैले पनि साहित्यमा सक्रियता बढायो ।' दार्जिलिङ्तिरको पत्रिकाहरूमा 'समस्या पूर्ति' कविता लेख्ने छाप्न दिने प्रचलन थियो । त्यतिखेरको सम्झनामा भन्छन्, 'रहरको बेला कति छापिए कति छापिएनन् ।' साहित्यिक कार्यक्रममा सहभागी हुने, प्रतियोगी बन्ने, कतिमा पुरस्कृत हुने क्रमले उनलाई साहित्यमा समर्पित गरायो । अनि इन्द्रबहादुर राई, ईश्वर बल्लभका साथ उनी बने आयामेली कवि ।

## कुरा आयामेली आन्दोलनको

सन् १९५६मा नै नेपालबाट दार्जिलिङ पुगेका ईश्वरबल्लभ त्यहाँ सँस्कृत पढाउँथे । त्यही स्कुलका अर्का शिक्षक थिए, इन्द्रबहादुर राई । पढ्नलाई होस्टेलमा बसेका काइँला । तीन जनामध्ये दुई जना शिक्षक काइँला चाहिँ विद्यार्थी । तीनजनाको भेटघाट बाक्लियो साहित्यिक कार्यक्रमहरूमा । पछिबाट ईश्वर वल्लभ पनि काइँलाको कोठामा बस्ने साथी भए । उनीहरूको कोठा साहित्यमा फलदायी बन्यो । त्यहीबाट 'कोठे साहित्यिक गोष्ठी प्रतिष्ठान'को नाममा साहित्यिक अभियान अगाडि बढाए । कम्तिमा हप्तादिनमा एउटा कार्यक्रम हुने गर्थ्यो । त्यसैको निरन्तरता भित्तेपत्रिका प्रकाशन सुरू गरे । दार्जिलिङ्को चोकबजार भन्ने ठाउँको कुनै भित्तामा टाँसिन्थ्यो । लेख्नेकाम सबै ईश्वर वल्लभले गरे । यो प्रतिष्ठान सन् १९५८ देखि ६० सम्म चल्यो। अलिपछि, 'फूलपात पत्कर' मासिक पत्रिका प्रकाशन सुरू गरे । दुई अंकसम्म प्रकाशित सो पत्रिकाको सम्पादक थिए, इश्वर वल्लभ र प्रकाशक काइँला ।

'फूलपात पत्कर'को प्रकाशन धपेडीले काइँलाको भेट इन्द्रबहादुर राईसँग भयो । अग्रज राईसँग काइँलाको घनिष्टता थिएन । घनिष्टताको क्रम अलि फरक किसिमले भयो । पहिलोपटक बिराम निको भएपछि दार्जिलिङमा नेपाली भाषाका लागि 'छात्र आन्दोलन' गरेका थिए । त्यसको संयोजकत्वको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरेर त्यो आन्दोलनलाई 'नेपाली भाषा मान्यता समिति' गठन गरेर अग्रजहरूको जिम्मा लगाए । त्यो समितिको जेनेरल सेक्रेटरीको जिम्मेवारी दिइयो, इन्द्रबहादुर राईलाई । त्यही आन्दोलनका क्रम इन्द्रबहादुर राईसँग घनिष्टता बढेको थियो ।

दोश्रोपटक बिरामीले थला परेकै बेला साहित्यमा केही नयाँ गरौं भन्ने विचार आयो । र, निस्कियो तेश्रो आयाम पत्रिका( १९६३) । यो पनि सन् ६०कै कुरा हो । बिरामी विस्ताराबाट नै प्रकाशन र सम्पादनको जिम्मेवारी काइँलाले लिए, ब्यवस्थापन गरे ईश्वर वल्लभले र सैद्धान्तिक अगुवाईको जिम्मा इन्द्रबहादुर राईको थियो । तर, आन्दोलनको नाम आयामेली नै भनेर घोषणा गरिएको थिएन । आयामेली आन्दोलनको बारेमा प्राज्ञ काइँला भन्नुहुन्छ, 'मान्छेको जीवन समयअनुसार हुनु पर्‍यो, कालअनुसारको रचना हुनु पर्‍यो र अनि मात्रै पो त्यो रचनाले मान्छेको जीवन उस्ले भोगेको कुरा, देखेको, अनुभूति गरेको एउटा सग्लो रूप(सायद पूर्णता पाउनु होला) भन्ने लाग्यो र त्यसैअनुसारको साहित्य लेख्यौं । त्यसलाई पछि पक्ष र विपक्षमा आलोचना गर्नेले आयामेली लेखन भनिदिए । त्यै नामले चल्यो ।'

## लीलालेखनको प्रसंग

आयामेली आन्दोलनको तीनहस्तीहरूमा इन्द्रबहादुर राईले अहिले लीलालेखनको छुट्टै अभियान चलाई रहेका छन् । त्यसले गर्दा आयामेली आन्दोलनमाथि यदाकदा टिकाटिप्पणी हुनु स्वभाविक नै हो । आन्दोलनका तीन हस्ती समयसँगै तीनतिर भए । बल्लभ काठमाडौं सहर फर्किए, राई उत्तै(दार्जिलिङ) नै रहे । पूर्वी नेपालको आफ्नै गाउँमा बसे काइँला । तीनैतिरबाट यही विचारको प्रयत्न जारी रह्यो । यसैबीच काइँलाको सक्रियता साहित्यमा भन्दा खोज अनुसन्धानमा बढ्यो । त्यो पनि लिम्बू संस्कृति र मुन्धुममा आधारित खोजी ।

पहिला तेश्रो आयाम आन्दोलनको बेला निर्माण गरेको शब्द 'अर्थ निरपेक्षता'ले जीवनमा अर्को आयाम थप्यो । पहिले नै मानेको कुरा थियो, एउटा चिजलाई यही नै भनेर किटान गर्न नसकिने त्यसमाथि विभिन्न दृष्टिकोण हुने । त्यो कुनै न कुनै रूपमा दोहोरिई रहेको हुने आदि-आदि । त्यसैलाई पूर्विय दर्शनमा मायावी खेल अथवा लीला भनिन्छ । प्राज्ञ काइँलाको प्रष्ट्याउँदै भन्छन्, 'एउटै चिजको पनि थुप्रै दृष्टिकोण हुँदो रहेछ । यो हामीले/जीवन बाँच्नेहरूले यो पक्ष पनि स्वीकार गर्नु पर्ने रहेछ भन्ने कुरालाई पूर्विय दर्शन र पश्चि यूरोप, अमेरिकातिरबाट आएको भाषा र साहित्यमा आएको नयाँ चिन्तनलाई 'फ्यूजन' गरेर वहाँले एउटा लीलालेखनको नयाँ नाम दिई नयाँ चिन्तन सुरू गर्नुभो र उहाँ यसमा खुरून्दार लागी रहनुभा'छ ।'

## बैरागी काइँलाका कृतिहरू

### प्रकाशित कृतिहरू

बैरागी काइँलाका कविताहरू, साझा प्रकाशन

साप्पोक चोःमेन : लिम्बू जातिमा कोख पूजा, नेपाल प्रज्ञाप्रतिष्ठान

नाःहेन मुन्धुम : इर्स्या आँखीडाही आख्यान र अनुष्ठान

सामसोघा मुन्धुम : प्रेतात्माको आख्यान र अनुष्ठान

ससिक मुन्धुम : मोच मार्ने आख्यान र अनुष्ठान

तङ्सिङतक्मा मुन्धुम : आख्यान र अनुष्ठान

नवचइत् मुन्धुम

### अनुदित कविता कृति

किराँत जागरण गीत

### सम्पादित कृतिहरू

लिम्बू विव्लियोग्राफी, नेपाल प्रज्ञा प्रतिष्ठान

लिम्बू भाषा तथा साहित्य विचार गोष्ठी, नेपाल प्रज्ञाप्रतिष्ठान

राष्ट्रिय भाषाका कविता सँगालो,(अमृत योञ्जन साथमा)

लिम्बू लोककथा(अतिथि सम्पादक) सयपत्रि पत्रिका, नेपाल प्रज्ञा प्रतिष्ठान

### म्यागेजिन र जोर्नल सम्पादन

तेश्रो आयाम, मासिक दार्जिलिङ

कविता, त्रैमासिक, नेपाल प्रज्ञाप्रतिष्ठान

लिम्बू भाषा र साहित्य, त्रैभाषिक जर्नल

सयपत्रि, लिम्बू लोककथा विशेष

### सम्मान तथा पुरस्कार

साझा पुरस्कार २०३१

युगकवि सिद्धिचरण श्रेष्ठ पुरस्कार २०५२

हरिहर शास्त्री-सरस्वती देवी साहित्य पुरस्कार २०५८

आदिवासी गीति सम्मान २०६३

गोर्खा दक्षिणवाहू, ख श्रेणी २०५१

## प्रसंग स्रस्टा आन्दोलनको

प्राज्ञ काइँलाले २०६२/६३को जनआन्दोलनको सुरूताका जतिखेर निरंकुश सामन्ति राजतन्त्रको विरूद्धमा लोकतन्त्रको पक्षमा स्रस्टाहरूको आन्दोलनको संयोजक बनेका थिए । तर, त्यतिखेरको धरपकडको बेला नेतृत्व गर्नका लागि नेतृत्व अभाव भई आन्दोलन निस्तेज हुने भयका कारण

स्रस्टा आन्दोलनको अध्यक्ष मण्डल निर्माणको प्रस्ताव काइँला आफैंले राख्नु भएको थियो । त्यो आन्दोलनलाई प्राज्ञ काइँला, आनन्ददेव भट्ट लगायत चारजना अग्रजहरूले नेतृत्व प्रदान गरे । यो मूलतः राजाले ०६१ माघ १९ गते सम्पूर्ण राजकीय शक्ति जनताको हातबाट खोसेर निरंकुश शासनको विरूद्धमा लोकतन्त्रको पक्षमा आन्दोलन गर्न गठन भएको थियो । त्यसलाई नागरिक समाजसँग मिलेर आन्दोलन छेडेका थिए ।

### अगुवाई आदिवासी आन्दोलनको

आदिवासी जनजाति महासंघको पूर्व सल्लाहकार रहेका प्राज्ञ काइँला आदिवासी जनजाति आन्दोलनले धेरै उपलब्धी हासिल गरेको मान्छन् । जनजाति आन्दोलनकै कारण आज सबै राजनितिक दलहरूले आफ्नो साझा मुद्दा बनाए । त्यसमा पछि मधेसी आन्दोलन थपियो, सँगै महिलाको पनि कुरा जोडिएको हो । जनजाति आन्दोलनकै कारण संविधान सभामा २ सय १९ जना सभासद आए । राज्यले आदिवासी जनजाति आन्दोलनकै कारण आदिवासी जनजातिको पहिचान स्थापित भयो । र, आदिवासी जनाजतिको सवालहरू यहाँसम्म आई पुग्यो ।

अब बन्ने राज्यको नयाँ संरचनामा आदिवासी जनजातिको माग बमोजिम जाति, भाषा, ऐतिहासिक पृष्ठभूमि, क्षेत्रीय आधारमा नभए पृथ्वीनारायण शाहले राज्यको एकीकरण गर्दाको ऐतिहासिक पृष्ठभूमिको आधारमा होस र यति गर्दा पनि भएन भने भौगोलिक क्षेत्रीय आधारमा होस भन्ने आदिवासी जनजातिले माग गरेका छन् । त्यसलाई कतिले पनि मानेको छ । तर, तराई आधारमा राजनीति गर्ने दलले नमान्नु आफ्नै कारण होला । पृथ्वीनारायण शाहले एकीकरण गर्नु अगाडिको जातिय पहिचानलाई स्वीकार गरेर नामकरण होस भन्ने आशय छ । यसो गर्दा इतिहासको सम्मान हुने कुरामा उनी दृढ छन् ।

तर, यो आदि विषयमा बहस हुनु जनजाति आन्दोलनको उपलब्धी नै हो । तर, उनी ब्राम्हणहरूले पनि आफूलाई आदिवासी जनजाति आन्दोलनमा सूचीकृत हुन पाउँ भन्ने आन्दोलनको पक्षमा हुनुहुन्न । उनको विचारमा यो आदिवासी जनजाति आन्दोलनको उपलब्धीलाई नमानी भाँड–भैलो पार्नलाई गरिएको खेल भएको उनको जिकिर छ । यसलाई अधिकार खोसिएकाहरूको अधिकार नदिँदा महाभारतको कुरू क्षेत्रको युद्धलाई सम्झन सुझाउँछन् ।

### हड्सनको अध्ययन

आफू सानो छँदै घरमा आएको दुई विदेशी पाहुनाहरू आएका थिए । उनीहरूमा बेलायतबाट आएका प्रोफेसर आर के स्प्रींग र उनको श्रीमती थिए । यो सन् १९५५ को अन्त्यतिरको कुरा हो । लिम्बू लगायत राईभाषाको अध्ययन गर्न आएका थिए । इन्डियन अफिस लाइब्रेरीमा भएको नेपालसम्बन्धि धेरै कागजपत्रहरू हड्सनले लेखेको भेटेछन् । त्यसैको अध्ययन गर्न आएको बेला उनले पनि हड्सनको नाम सुनेका थिए । काजिमान कन्दङवाले दार्जिलिङको घुमपहाडबाट ल्याएका थिए । याम्बुङका रन्धोज नेम्बाङले उहाँलाई सहयोग गरेका थिए । विशेषज्ञ त इमानसिंह चेम्जोङ नै हुन् । '२०३०सालदेखि मैले यसप्रति चासो बढाएको थिएँ । ०४६ सालपछि यससम्बन्धि किताब प्रकाशन गर्न प्रज्ञाप्रतिष्ठानमा लगेँ । यही क्रममा आशमान सुब्बाबाट हड्सन कलेक्सन् फोटोकपी गरेँ ', उनी भन्छन् ।

बेलायतको लाइब्रेरीमा गरेको कलेक्सन् अध्ययनबारे साप्ताहिक विमर्शमा लेखेका छन् । मूलतः यसको संक्षिप्त आशय बहा जर्नलमा प्रकाशन गरे । यो अवसर डा. रमेश ढुंगेलले जुराई दिएका हुन् । पढाइको क्रममा लिम्बू मुन्धुम तीन किसिमको छ । यसमा मुख्य कुरा सिरिजंगालाई सिक्किममा लामाहरूले मार्न लगाएको भन्ने एकलाई उल्लेख छ । तसर्थ, यस्ले के प्रमाणित गर्छ भने हड्सन विक्रम सम्बत १९०१मा थिए र यो लेख १९०३मा संकलन गरेका थिए । यसभन्दा अगाडि नै लेखेको कुरा पत्ता लगाएको बताउँछन् । १८३१ भन्दा अगाडि नै लेख्य परम्परा भएको एउटा इतिहास बताउँछ ।

### गेसो आन्दोलन

गोर्खा भूतपूर्व सैनिक संघ(गेसो)को पनि सल्लाहकार रहिसकेका प्राज्ञ काइँलाको विचारमा गेसोले पनि सफलताको उचाइ पाउँदैछ । समानताको आन्दोलनलाई अन्तर्राष्ट्रिय मानवअधिकारवादीहरूको समेत समर्थन जुटाउन सफल भएको बताउँछन् । पेशागत समुदायको उच्चतम विन्दुमा सफलता हासिल गर्नमा नेतृत्व पंक्ति, सञ्चार माध्यम धन्यवादका पात्र रहेको उनको ठम्याई छ । ❍

● प्रस्तुतिः युवराज लिम्बु




**विजया दशमी तथा दिपावली २०६६**

सालको पावन अवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण भूतपूर्व गोरखा सैनिक दाजुभाइ तथा दिदीबहिनीहरूका साथै समस्त देशवासीहरूको सुस्वास्थ्य, समृद्धी एवं दिर्घायुको कामना गर्दछौं ।

**गोरखा भूतपूर्व सैनिक संघ (गेसो)**

काठमाडौ जिल्ला महिला समिति
सुकेधारा, काठमाडौँ